# १. परिचय

## १.१ ऐतिहासिक/भौगोलिक पृष्ठभूमि

दक्षिण एसियास्थित टापु देश श्रीलङ्का भारतीय महासागर क्षेत्रमा पर्दछ। श्रीलङ्का दक्षिण भारतदेखि ५० किलोमिटर वा ३१ माइलको दूरीमा अवस्थित छ। श्रीलङ्कालाई पाक जल-डमरुले भारतबाट छुट्याएको छ। पहिले सिलोन भनेर चिनिने गरेको श्रीलङ्काको आधिकारिक नाम "प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलङ्का" मा परिवर्तन गरिएको छ। भौगोलिक दृष्टिबाट समुद्री क्षेत्रहरू तथा आधा उत्तर समथल छ भने केन्द्रीय तथा दक्षिणी केन्द्रीय क्षेत्रहरूको भूबनोटचाहिँ पहाडी तथा हिमाली छ।

फिरन्ते वेद्दा श्रीलङ्काका आदिबासी थिए। यी वेद्दा इसापूर्व पाँचौं र छैटौं शताब्दीतिर सिंहालीहरूद्वारा पराजित याख्खा नामक दानव जातिका हुन् भन्ने किंवदन्तीहरू छन्। इसापूर्व चौथो शताब्दीमा उत्तरमा अवस्थित अनुराधापुरासमेत अनेकौं सिंहाली अधिराज्यहरूले यस टापुभरि जरा गाडेका हुन्। भारतीय मौर्य सम्राट् अशोकका छोरा अरहत महिन्दाले इसापूर्व तेस्रो शताब्दीमा यहाँ बौद्धधर्म भित्र्याए। त्यसपछि बौद्धधर्म छिटै नै एक स्थापित धर्मको साथसाथै सबल राष्ट्रवादको केन्द्र बन्न पुग्यो, जसले मुलुकलाई सांस्कृतिक महानताको दिशातर्फ उन्मुख गरायो। अनुराधापुरा अविजित थिएन, यसर्थ त्यसपछिका सय वर्षमा दक्षिणतर्फबाट बारम्बार यसमाथि हुनगएका आक्रमणको नतिजास्वरूप श्रीलङ्का निरन्तर वंशगत सत्ता संघर्षको थलो बन्यो।

श्रीलङ्काको इतिहास आक्रमणकारीहरू र उपनिवेशवादीहरूको थिचोमिचोले भरिएको छ। सोऱ्हौं शताब्दीमा पोर्तुगालीहरू र सत्रौं शताब्दीमा डचहरूद्वारा कब्जा गरिएको यो टापु सन् १७९६ मा बेलायतीहरूलाई सुम्पुवा गरियो। सन् १८१५ मा बेलायत समस्त टापुभरि शासन गर्ने पहिलो युरोपेली शक्ति बन्यो। दक्षिणी भारतबाट आयात गरिएका तमिल श्रमिकहरूको श्रमबाट कफी, चिया, दालचिनी र नरिवलको उत्पादन एकदमै फस्टायो।

बेलायतीहरूले अङ्ग्रेजी भाषालाई सिलोनको राष्ट्रभाषाका रूपमा लागू गरे। यो टापु सन् १९४८ मा सिलोनका रूपमा स्वतन्त्र भयो र सन् १९७२ मा यसको नाम श्रीलङ्कामा परिवर्तित भयो। (www.suzannessource.com) श्रीलङ्कालीहरू फरवरी ४ को दिन आफ्नो राष्ट्रिय/स्वतन्त्रता दिवस मनाउँछन्।

## १.२ द्वन्द्वको उत्पत्ति र विकास

थुप्रै लेखकहरू प्राय: यो द्वन्द्वको जड कारण बेलायती उपनिवेश हो भनी उल्लेख गर्ने गर्छन्। बेलायतीहरूले आफ्नो शासनकालभरि नै सिंहाली र तमिलहरू मध्येबाट एउटा अङ्ग्रेजीभाषी वर्गको सिर्जना गरे। तिनको यो कृपावादले एक प्रकारको विरोधलाई जन्म दियो, जुन विरोधले सामाजिक तथा जातीय रूप धारण गऱ्यो। उक्त अभिजात वर्गबाट बाहिर परेको बहुसङ्ख्यक समुदाय सिंहालीभाषी थियो। यस समुदायले 'आर्यजाति' को सिंहाली श्रेष्ठतासम्बन्धी जातिवादी मान्यतालाई प्रबर्द्धन गर्न थाल्यो (हात्तोतुवा, २००२-२००३)।

स्वतन्त्रतापश्चात् सिंहाली समूहले श्रीलङ्काको नयाँ राज्यमाथि आधिपत्य कायम गरी मूलत: 'सिंहला' भाषालाई 'आधिकारिक भाषा' बनाएर तमिलहरूलाई उच्चशिक्षा तथा रोजगारीको अवसरबाट वञ्चित गर्न थाल्यो। सन् १९५६ मा 'केवल सिंहला' नामक ऐन लागू गरियो। यसरी अङ्ग्रेजीको सट्टा सिंहला आधिकारिक सरकारी भाषा बन्यो, जसले गर्दा ठूलो सङ्ख्यामा रहेका तमिलहरू स्पष्टत: वञ्चनाको सिकार बन्नपुगे। यसरी श्रीलङ्काको वर्तमान द्वन्द्वमा जातीय सम्बन्ध, भाषा, धर्म, ऐतिहासिक रूपमा चलिआएका तनाव र संघर्ष र लामो समयदेखि चलिआएको पृथक्तावादी आन्दोलनजस्ता अत्यन्तै प्रज्वलनकारी एवं संवेदनशील विषयहरू मुख्य रूपमा हावी रहेको देखिन्छ। बेलायती शासन अन्तर्गत अल्पसङ्ख्यक तमिलहरूले विशेषाधिकारयुक्त स्थितिको उपभोग गरेका हुनाले अब त्यो स्थिति बहुसङ्ख्यक सिंहालीहरूको पक्षमा रूपान्तरित हुनुपर्छ भन्ने अधिकांश सिंहालीहरूको विचार छ। तर अल्पङ्ख्यक तमिल उपलब्धिमुखी र उद्यमी समूह हुनाले समाजमा यसको हैसियत अझै पनि उच्च छ, अर्थव्यवस्थामा यसको ठूलो प्रभाव छ, नोकरशाहीमा (त्यो घट्दो क्रममा भए पनि) यसको महत्त्वपूर्ण भूमिका छ र शिक्षा प्रणालीका सबै तहमा यसको स्थिति निकै राम्रो छ। बेलायती शासन अन्तर्गत मुलुकको सार्वजनिक जीवनका अनेकौं क्षेत्रहरूमा आफूले उपभोग गरेको स्थिति गुम्यो भन्ने

धारणाबाट तमिलहरूमा त्रास तथा असुरक्षाको भावना पैदा भएको छ, जुन सापेक्षिक वञ्चनासम्बन्धी विशेष प्रकारको भावना हो (हत्तोतुवा, २००२-२००३)।

सन् १९७० को आरम्भमा विश्वविद्यालयको प्रवेशमा सामुदायिक कोटाप्रथा लागू गरिँदा योग्य तमिल विद्यार्थीहरू विश्वविद्यालय बाहिर परे, जसले गर्दा जातीय भावनाको बारुदमा आगो झोसियो। यो 'स्तरीकरण' लागू हुनाको साथसाथै तमिलहरूले शिक्षा तथा रोजगारीका अवसरहरू गुमाउनुपऱ्यो। तमिलहरू मूलतः यिनै अवसरहरूको आधारमा एकात्मक सिलोनप्रति प्रतिबद्ध रहेका थिए। यसको नतिजास्वरूप तमिल युवाहरूको ठूलो सङ्ख्या आफ्नो पृथक् तमिल राज्य भएको खण्डमा मात्र आफ्ना सामाजिक-आर्थिक अभिलाषाहरू पूरा हुनसक्ने निष्कर्षमा पुगे।

तमिलहरूलाई राज्य प्रणालीभित्र कार्य गर्न नदिइनाले सन् १९८३ देखि श्रीलङ्कामा पैदा भएको रक्तपातपूर्ण आतङ्कवादले यस मुलुकलाई तहसनहस पारेको छ। यो वञ्चनाकारी राज्यप्रणालीले तमिलहरूलाई राजनीतिक शक्ति, रोजगारी तथा शिक्षासम्बन्धी अवसरहरूबाट वञ्चित गरी सामाजिक-आर्थिक विषमताहरू पैदा गरेको छ।

हत्तोतुवा सन्जनाले आफ्नो प्रतिवेदनमा उल्लेख गरेझैं श्रीलङ्काली द्वन्द्वको इतिहास लामो समयदेखि चलिआएको र जटिल समस्या हो। गत २० वर्ष वा त्योभन्दा लामो समयदेखि मुलुकको उत्तर र पूर्वमा परम्परागत छापामार शैलीमा यो द्वन्द्व क्रियाशील रहेको छ। यस अघि सन् १९८९ तथा १९९४ मा गरी युद्धविरामका निम्ति दुईवटा प्रयास गरिएका भए तापनि युद्ध भइनै रहेको छ।

## १.३ युद्धविराम तथा शान्तिवार्ता

फरवरी २००२ मा श्रीलङ्काली सरकार र लिवरेशन टाइगर अफ तमिल इलमबीच अनिश्चितकालीन युद्धविराममा हस्ताक्षर भएपछि यस टापुको कष्टकर इतिहासमा अत्यन्तै सुरक्षित तथा आशाजनक अवधिको ढोका खुल्यो। १६ सेप्टेम्बर २००२ मा श्रीलङ्काली सरकार तथा लिवरेशन टाइगर अफ तमिल इलमबीच थाइल्याण्डमा औपचारिक शान्तिवार्ता प्रारम्भ भयो। त्यसपछि रुन्डैजसो मासिक रूपमा एसिया तथा युरोपमा शान्तिवार्ताका सत्रहरू सम्पन्न भइरहेका छन्, जसबाट शान्ति प्रक्रियालाई सुदृढ तुल्याउनमा सघाउ

पुगेको छ। तथापि ८-९ फरवरी २००३ मा बर्लिनमा शान्तिवार्ताको अन्तिम कडीका रूपमा पाँचौं सत्र संक्षेपमा सम्पन्न भएपछि भने वार्ताको क्रम स्थगित हुन पुगेको छ।

लिवरेशन टाइगर अफ तमिल इलमले दिएको बयानअनुसार शान्तिवार्तालाई स्थगित गर्ने कार्य न त शान्तिवार्ताबाट पछि हटाई हो, न त त्यो शत्रुताबाट प्रेरित कार्य नै हो। उसको भनाइअनुसार युद्धद्वारा जनजीवनमा उत्पन्न भएका दु:खकष्टहरूलाई घटाउने कार्यमा अर्थपूर्ण प्रगति नहुनु नै यो स्थगनको प्रमुख कारक हो।

# २. छलफल

श्रीलङ्काको शान्ति प्रक्रियाबारे सेन्टर फर पोलिसी अल्टरनेटिभ्स[१] कोलम्बोका कार्यकारी निर्देशक डा. पाइकियासोथी सारावानामुत्तु[२]सँग अनुभव आदान-प्रदान गर्ने हेतुले असार १७, २०६१ मा काठमाडौँको बानेश्वरस्थित शान्तिका लागि सहकार्य[३]को कार्यालयमा एउटा छलफलको आयोजना गरिएको थियो। उक्त छलफलमा शान्तिका लागि सहकार्यका निर्देशक डा. विष्णुराज उप्रेतीले आमन्त्रित व्यक्तिहरूको स्वागत गर्दै शान्तिका लागि

---

[१] सेन्टर फर पोलिसी अल्टरनेटिभ्स श्रीलङ्कामा सुशासन तथा द्वन्द्व रूपान्तरणका निम्ति संस्थागत सुदृढीकरण र क्षमताको विकास तत्कालीन जरुरत महसुस गरी पार्टी इतरका नागरिक समूहहरूले यो प्रक्रियामा महवपूर्ण तथा रचनात्मक योगदान गर्न सक्छन् भन्ने दृढ विश्वासका साथ सन् १९९६ मा स्थापना गरिएको हो।

उक्त केन्द्रको प्राथमिक भूमिका सार्वजनिक नीतिको क्षेत्रमा क्रियाशीलतामुखी तथा हस्तक्षेपकारी हुने कुराको परिकल्पना गरिएको थियो, जसको उद्देश्य अहिंसात्मक द्वन्द्व रूपान्तरण तथा प्रजातान्त्रिक शासनको निम्ति वैकल्पिक नीतिहरूलाई बढावा दिनु र त्यस्ता नीतिहरूको पक्षमा वकालत गर्नु थियो। तदनुरुप उक्त केन्द्रले मुख्यत: अनुसन्धानमार्फत् वकालत गरिने वैकल्पिक नीतिहरूको पहिचान तथा निर्माण गर्ने कार्य गर्छ (www.cpalanka.org)।

[२] डा.पाइकियासोथी सारावानामुत्तुले लन्डन विश्वविद्यालय अन्तर्गत लन्डन स्कुल अफ इकोनोमिक्स एन्ड पोलिटिकल साइन्सबाट अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी विषयमा सन् १९८६ मा विद्यावारिधिको उपाधि प्राप्त गर्नुभएको हो। सन् १९९२ देखि उहाँ कोलम्बो विश्वविद्यालय तथा बन्दरानाइके अन्तर्राष्ट्रिय अध्ययन केन्द्रमा भिजिटिङ लेक्चररका रूपमा आबद्ध हुनुहुन्छ। उहाँले कोलम्बो विश्वविद्यालयको अन्तर्राष्ट्रिय जातीय अध्ययन केन्द्र तथा नीतिगत अनुसन्धान तथा विश्लेषण केन्द्रमा अनुसन्धान परामर्शदाताका रूपमा काम गर्नुभएको छ। डा. सारावानामुत्तु श्रीलङ्काको विदेश मन्त्रालय अन्तर्गत वैदेशिक मामिला अध्ययन समूहको तथा स्वतन्त्र सञ्चारमाध्यम सम्बन्धी आन्दोलनको सल्लाहकार समितिको सदस्यमा पनि रहनुभएको थियो। उहाँले सन्डे लिडर नामक अखबारमा राजनीतिक स्तम्भ लेख्नुहुन्छ, जसलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मुद्रण एवं विद्युतीय दुवै माध्यममा व्यापक रूपले उद्धृत गर्ने गरिन्छ।

डा. सारावानामुत्तुले प्राज्ञिक र नितिगत अध्ययनसम्बन्धी संस्थाहरूद्वारा सुशासन र नीतिगत सुधारदेखि लिएर जातीयता, अन्तर्राष्ट्रिय राजनीति र द्वन्द्व समाधानजस्ता विषयमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनहरूमा महत्त्वपूर्ण योगदान दिनुभएको छ। (www.cpalanka.org)।

[३] शान्तिका लागि सहकार्य जेठ, २०६१ मा संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको गैरसरकारी तथा गैरमुनाफाकारी संसथा हो। नेपालको शान्ति प्रक्रिया तथा द्वन्द्व रूपान्तरणको क्षेत्रमा गरिने अनुसन्धान कार्यको सहजीकरण गर्ने उद्देश्यले यसको स्थापना भएको हो। यसले नेपालको सरोकारका विशिष्ट मुद्दाहरू सम्बन्धमा स्थानीय र अन्तर्राष्ट्रिय विशेषज्ञहरूसँग काम गर्छ, शान्ति प्रक्रियाहरूका विषयमा अनुभवहरू बाँडचुँड गर्नका निम्ति कार्यशाला गोष्ठीहरूको आयोजना गर्छ र द्वन्द्वसँग सम्बद्ध मुद्दाहरूसम्बन्धी सूचनाको खाँचो पूर्ति गर्ने प्रयास गर्छ।

सहकार्यको कार्यक्रमबारे जानकारी गराउनुभएको थियो। साथै उहाँले अथितिहरूसमक्ष डा. सारावानामुत्तुको परिचय गराउनुभएको थियो। डा. सारावानामुत्तु श्रीलङ्काको शान्ति प्रक्रियामा संलग्न एक प्रमुख हस्ती हुनुहुन्छ।

## २.१ छलफलका विषयहरू

उक्त कार्यक्रममा निम्न विषयहरूमा छलफल भएको थियो।

- युद्धविराम सम्झौता गर्ने तथा त्यसको अनुगमन गर्ने विषयमा (र वार्ता असफल भएको खण्डमा श्रीलङ्कामा सम्पन्न गरिएझैं युद्धविरामको निरन्तरतालाई कसरी सुनिश्चित तुल्याउने भन्ने विषयमा) श्रीलङ्काका अनुभवहरू
- सम्झौता वार्ता तथा मध्यस्थतामा तेस्रो पक्षको संलग्नतासम्बन्धी श्रीलङ्काका अनुभवहरू
- राजनीतिक दलहरूलाई क्रियाशील शान्ति प्रक्रियामा सरिक गराउने तरिकाहरूका सम्बन्धमा श्रीलङ्काको अनुभव
- शान्ति प्रक्रियामा धार्मिक संगठनहरू तथा व्यक्तिहरू (जस्तै बौद्ध भिक्षुहरू) लाई परिचालन गर्ने विषयमा श्रीलङ्काका अनुभवहरू
- सम्झौता वार्तामा क्षेत्रीय शक्तिहरूको भूमिका
- श्रीलङ्काली शान्ति प्रक्रिया तथा सम्झौता वार्ताबाट नेपालले सिक्नुपर्ने पाठहरू।

## २.२ सहभागीहरू

१. डा. पाइकियासोथी सारावानामुत्तु
२. श्री पद्मरत्न तुलाधर
३. डा. द्वारिकानाथ ढुङ्गेल
४. श्री लक्ष्मणप्रसाद अर्याल
५. डा. विष्णुराज उप्रेती
६. श्री नारद भारद्वाज
७. श्री शिवकुमार ढुङ्गाना
८. डा. कर्णबहादुर थापा
९. श्री सुजाता थापा

१०. श्री शिव शर्मा
११. श्री श्रेष्ना बस्नेत
१२. श्री सविना श्रेष्ठ

## २.३ छलफलको विवरण

डा. सारावानामुत्तुले शान्तिका लागि सहकार्य तथा आमन्त्रित व्यक्तिहरूसँग आफ्नो देशका अनुभवहरू र आफ्नो विचार आदान-प्रदान गर्ने अवसर पाएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

युद्धविरामको हकमा, यो शान्ति प्रक्रियाको न्यूनतम आधार हो र यो दुई वर्षसम्म कायम रह्यो । तर यसो हुँदाहुँदै पनि युद्धविरामको उल्लङ्घन हुने २००० घटना घटे । आधारभूत रूपमा यो न युद्ध, न शान्तिको अवस्था हो । तथापि दुवै पक्ष युद्धविराम सम्झौतालाई तोड्न तयार छैनन् । युद्धविराम जारी रहनाको प्रमुख कारण सरकार तथा लिवरेशन टाइगर अफ तमिल इलमको फेरि युद्धमा फर्किनका लागि आफूसँग मानवीय तथा भौतिक संसाधनहरू पर्याप्त छैनन् भन्ने आँकलन नै हो । यो युद्धविराम शान्तिका लागि नभई दुवै पक्षको राजनीतिक हितका लागि हो । सम्झौतामा दुवै पक्षका हितहरू सम्बद्ध नभएको खण्डमा सम्झौता धेरै समयसम्म टिक्दैन । दुई तिहाइ भूमि लिवरेशन टाइगर अफ तमिल इलमको नियन्त्रणमा छ भन्ने यथार्थलाई सरकारले स्वीकार नगरिकन युद्धविराम जारी रहन सक्दैन । यो युद्धविराम सम्झौता वास्तवमा एक राजनीतिक सम्झौता हो । दुई वर्षसम्म युद्धविराम कायम भइसकेको हुनाले अब पूर्वस्थितिमा फर्किनका लागि जनसमर्थन प्राप्त गर्न गाह्रो छ । तथापि सम्झौतामा दुवै पक्ष निःशस्त्र हुनुपर्छ भन्ने कुराको उल्लेख भएको छैन । यसले त केवल गतिरोधको मान्यतालाई स्वीकार गरेको छ ।

उक्त सम्झौता अन्तर्गत श्रीलङ्का अनुगमन नियोग नामक अनुगमनकारी नियोगको स्थापना भएको छ, जसले युद्धविराम सम्झौताको कार्यान्वयनको अनुगमन गर्छ । उक्त नियोगमा नर्डिक मुलुकहरू नर्वे, फिनल्यान्ड, स्वीडेन, डेनमार्क तथा आइसल्यान्डका अनुगमनकर्ताहरू रहेका छन् । नियोगको मुख्यालय कोलम्बोमा छ । श्रीलङ्का अनुगमन नियोगले दुई पक्षबीच थाइल्यान्डमा भएको शान्तिवार्तामा भाग लिएन । वार्ताको कार्यसूची

तथा वार्ता गर्ने मितिहरूको निर्धारण श्रीलङ्का सरकार, लिवरेशन टाइगर अफ तमिल इलम र नर्वेली सरकारद्वारा हुने गरेको छ। श्रीलङ्का अनुगमन नियोगले श्रीलङ्कामा शान्तिको कार्यान्वयन भने गरिरहेको होइन। सम्बद्ध दुई पक्ष स्वयंले नै युद्धविराम गरेका हुन् र यी दुई पक्ष शान्तिवार्ताद्वारा द्वन्द्वको स्थायी समाधान खोज्ने कार्यमा दृढ छन्। (www.peaceinsrilanka.org)

आफूले श्रीलङ्का अनुगमन नियोगको अगुवाइ गर्ने भूमिका निर्वाह नगर्ने कुरामा नर्वेलीहरूले जोड दिइआएका छन्, तर लिवरेशन टाइगर अफ तमिल इलम र श्रीलङ्का सरकारले भने उसले त्यो भूमिका निर्वाह गरिदेओस् भन्ने चाहेका छन्। नर्वेलीहरूले भने शान्तिवार्ताको सहजीकरणको साथै युद्धविरामको अनुगमन गरिरहन चाहेका छैनन्।

श्रीलङ्का अनुगमन नियोगका तीनवटा विशेषता छन् :

- प्रादेशिक दृष्टिकोणबाट यो नियोग लिवरेशन टाइगर अफ तमिल इलमद्वारा नियन्त्रित क्षेत्रहरूमा जाँदैन।
- जहाँसम्म समुद्री क्षेत्रको कुरा छ, त्यसमा यो नियोग सापेक्षिक रूपले मौन छ।
- यो नियोगलाई दण्डात्मक अधिकार छैन। त्यसकारण यसले कुनै पक्षलाई सजाय गर्ने कुरै उठ्दैन।

दुई वर्षको युद्धविरामबाट जेजस्ता परिवर्तनहरू भए, त्यसका आफ्नै आयाम छन्। तर लिवरेशन टाइगर अफ तमिल इलमको उत्तरी कमाण्ड संगठनद्वारा आफूमाथि विभेद गरियो भन्ने गुनासो गर्दै त्यसबाट फुटेको छ। क्षेत्रमा आधारित संगठनको रूपमा आफू किन अघि नसर्ने भन्ने यसको तर्क छ। यहाँ एउटा विचारणीय महत्त्वपूर्ण पक्ष के छ भने विगतका वर्षहरूमा पूर्वबाट नै बहुसङ्ख्यक लडाकुहरू भर्ती गरिएका छन्। जनशक्तिको कमी हुनाको कारणले गर्दा लिवरेशन टाइगर अफ तमिल इलमद्वारा बालबालिकाहरूलाई जबर्जस्ती भर्ती गर्ने क्रम जारी छ। श्रीलङ्काली सेनामा पनि समान प्रकारको समस्या छ। यसमा सेनालाई त्यागेर हिँड्नेहरूको संख्या पच्चीस प्रतिशत छ। यसमा जनशक्ति वा लड्ने सङ्कल्पको कमी छ। मानिसहरू युद्धमा फर्किन चाहँदैनन् भन्ने कुरा अनुसन्धानबाट पनि देखिन आएको छ। लिवरेशन टाइगर अफ तमिल इलममा भएको फुट तथा जनशक्तिको समस्याले युद्धमा फर्किने उसको क्षमतामा प्रभाव

पारेको छ। साथै राजनीतिक सैनिक कारबाहीको स्थान युद्धविरामको अवस्थाले लिँदा दैनिक समस्याहरूको मुकाबिला गर्ने कार्यमा चुनौतीहरू पैदा भएका छन्।

श्रीलङ्कामा बहुलवादलाई स्वीकार गरिएको छैन। त्यहाँ लिवरेशन टाइगर अफ तमिल इलम र सरकारको मात्र अस्तित्व छ। तेस्रो पक्षको लागि कुनै स्थान छैन। श्रीलङ्काको जनसङ्ख्याको रून्डै सात प्रतिशत अंश ओगटेको मुसलमान समुदायलाई उपेक्षा गरिएको छ। त्यसलाई पाखा पारेर श्रीलङ्कामा कदापि शान्ति प्राप्त गर्न सकिने छैन।

सामान्य अवस्थाको पुनर्स्थापना गर्ने आम विचार अन्तर्गत राहतकारी पुनर्स्थापनामा केन्द्रित हुनु पनि जरुरी छ। श्रीलङ्कामा सहायता वितरणको अवस्थालाई दृष्टिगत गर्ने हो भने यस क्षेत्रमा अक्षमता, भ्रष्टाचार आदिको बोलबाला रहेको देख्न सकिन्छ। श्रीलङ्काको दक्षिणमा दातृसंस्थाहरूद्वारा दिइने सहायताको मात्रा ज्यादै न्यून छ। उत्तर/पूर्वको पुनर्गठन गर्ने उद्देश्यले सरकार तथा लिवरेशन टाइगर अफ तमिल इलमको प्रतिनिधित्व रहेको एउटा उपसमिति गठन गरिएको थियो। जब दातृसंस्थाहरूबाट प्राप्त हुने रकमको कुरा आउँछ, त्यो सारा रकम सरकार, संसद्, महालेखापरीक्षक आदि निकायहरूमार्फत् प्रवाहित हुनु जरुरी हुन्छ। दातृ समुदायले लिवरेशन टाइगर अफ तमिल इलमलाई सोझै रकम दिन सक्दैनन्। त्यसो गर्नु कानुनविपरीत हुन्छ। त्यसकारण रकम परिचालन गर्ने जिम्मा विश्व बैंकलाई दिई अन्तर्राष्ट्रिय लेखापरीक्षकहरूद्वारा लेखापरीक्षण गर्ने व्यवस्था गरियो। त्यो प्रचलित परम्पराभन्दा पृथक् व्यवस्था हुनु सरकारका लागि एउटा समस्या थियो। साथै दातृसंस्थाहरूका लागि पनि त्यो केही न केही नयाँ व्यवस्था थियो।

## २.४ अन्तर्क्रिया

**प्रश्न** : *लिवरेशन टाइगर अफ तमिल इलमले कसरी आफ्नो आर्थिक स्रोत-साधनहरूको प्रबन्ध मिलाउँछ?*

**उत्तर** : यसले मूलतः तीन स्रोतबाट आफ्ना आर्थिक स्रोत-साधनको प्रबन्ध मिलाउँछ :

- करको रूपमा उठाइने रकमबाट
- तमिल समुदायबाट प्राप्त हुने सहयोगबाट
- केही हदसम्म राहत/पुनर्स्थापना कार्यसम्बन्धी योजनाबाट प्राप्त हुने कमिसनबाट।

**प्रश्न** : *के त्यहाँ तमिलनाडु अझै पनि एउटा पक्षको रूपमा रहेको छ?*

**उत्तर** : हो, तमिलनाडु पक्ष अझै पनि छ र यो बृहत् भारत पक्षको अङ्गका रूपमा क्रियाशील छ। लिवरेशन टाइगर अफ तमिल इलम भारतसँग अरु राम्रो सम्बन्ध कसरी कायम गर्न सकिएला कि भनेर व्यग्र छ। हाम्रो सन्दर्भमा, भारतीय भूमिमा सबै पक्षहरूलाई स्वीकार गरिएको छ। शान्तिवार्ता गर्ने स्थानको कुरा उठ्दा लिवरेशन टाइगर अफ तमिल इलमका प्रमुख वार्ताकार लन्डनमा भएकाले र उनी मृगौला प्रत्यारोपण गरिएको अवस्थामा भएका हुनाले वार्ता गरिने स्थानमा स्वास्थ्योपचारको सहज र शीघ्र पहुँच हुनु जरुरी छ भनी लिवरेशन टाइगर अफ तमिल इलमले आफ्नो मनसाय प्रकट गर्‍यो। उसले वार्ता दक्षिण भारतमा होओस् भन्ने चाहना गर्‍यो। उसमाथि राजीव गान्धीको हत्या गर्ने षड्यन्त्रमा मुछिएको आरोप लागेको हुनाले भारतमा वार्ता गरी भारतसँगको तीतो सम्बन्धलाई सुधार्ने उसको इच्छा थियो। तर भारत पक्षले भने यस कुरालाई अस्वीकार गरिदियो। लिवरेशन टाइगर अफ तमिल इलमले राजीव गान्धीको हत्याबाट उत्पन्न भएको नकारात्मक सम्बन्धमा सुधार ल्याउन हरसम्भव प्रयास गरेको छ।

**प्रश्न** : *नर्वेलीहरूले लिवरेशन टाइगर अफ तमिल इलममा फाटो पार्ने चालबाजी गरेको आरोप छ। के यो सत्य हो?*

**उत्तर** : खै, मैले यो त कुरा सुनेको छैन। म पहिलोपटक सुन्दैछु। बरु नर्वेलीहरू लिवरेशन टाइगर अफ तमिल इलममुखी भएको आरोप पो बारम्बार लाग्ने गरेको छ। लिवरेशन टाइगर अफ तमिल इलमप्रति नर्वेलीहरूहरूको कति गहिरो मोह छ भने उनीहरूलाई वार्ताकार, सहजकर्ता आदिका रूपमा कायम राख्नाले श्रीलङ्कालाई नै दाउमा राखेर लिवरेशन टाइगर अफ तमिल इलमको पक्षमा सम्झौता होला कि भन्ने आशंका पैदा भएको छ।

**प्रश्न** : *करुणा स्वयं नै श्रीलङ्काली सेनाको संरक्षणमा छन् भन्ने मेरो अनुमान छ। श्रीलङ्काली सेनाको संरक्षणमा भनेर मैले के भन्न खोजेको हुँ, त्यो यहाँले बुझिदिनुपर्छ...।*

**उत्तर** : मलाई लाग्छ, तपाईंको अनुमान सही हो।

**प्रश्न** : *२-३ वर्ष अघिसम्म पनि करुणा लिवरेशन टाइगर अफ तमिल इलमका एक अङ्ग थिए। उनी लिवरेशन टाइगर अफ तमिल इलमसँग अलग्गिनुको कुनै कारण छ?*

**उत्तर** : करुणाले आफू किन अलग्गिएको हुँ भन्ने कुराको व्याख्या यसरी गरेका छन् : पहिलो कारण, लिवरेशन टाइगर अफ तमिल इलम थप लडाकुहरू उत्तरतर्फ पठाउन भनिरहेको थियो। करुणालाई यति धेरै दुःखकष्ट झेलिसकेको पूर्वी प्रान्तले उत्तरमा लडाइँ लड्नका लागि कार्यकर्ताहरू र अन्य कुरा किन निरन्तर पठाइरहुँ भन्ने लाग्यो। दोस्रो कारण, स्थानीय र अन्तर्राष्ट्रिय दुवै स्तरबाट लिवरेशन टाइगर अफ तमिल इलमको उत्तरी नेतृत्वले आफ्नो खुफिया विभागमार्फत् जारी गरेका आदेशबाट गरिएका सारा राजनीतिक हत्याहरूको भीषण आलोचना भयो। अनि सारा दोषचाहिँ करुणाले व्यहोर्नुपर्‍यो। तेस्रो कारण, राहत, पुनर्स्थापना आदिका निम्ति लिवरेशन टाइगर अफ तमिल इलमका स्रोतहरूबाट आएको रकम पूर्वमा नगएर उत्तरमा मात्र गइरहेको छ भन्ने आम धारणा थियो।

उता लिवरेशन टाइगर अफ तमिल इलमको प्रतितर्क के छ भने संगठनभित्र जालसाजी गरेबापत करुणाको अनुसन्धान भइरहेको थियो। त्यसकारण आफूमाथि लागेको जालसाजी र भ्रष्टाचारको ज्यादै नीच अभियोगको अनुसन्धान प्रक्रियालाई ओझेल पार्नका लागि उनले फाटो पैदा गर्ने सारा राजनीतिक तर्कको सिर्जना गरेका हुन्।

तर उनी निश्चय नै बडो रणनीतिक ढङ्गले आफ्नो गतिविधिको निर्धारण गर्छन्। उनले निर्वाचन अभियानको सन्दर्भमा अन्तर्राष्ट्रिय समाचार एजेन्सीसमक्ष आफ्नो सूचना वितरण गरे। अनि उनी राजनीतिक दृष्टिले ज्यादै तल झरेर सार्वजनिक सम्बन्धहरूको स्थापना गरे। आखिरमा उनी थच्चिए। उता लिवरेशन टाइगर अफ तमिल इलम भने सैनिक दृष्टिले तगडा देखियो। श्रीलङ्काली सरकार र नर्वेलीहरूले उनको अपेक्षाअनुसार उनलाई समर्थन गरेनन् भन्ने तर्क छ। तिनले लिवरेशन टाइगर अफ तमिल इलमलाई युद्धविराम सम्झौताको उल्लङ्घन गर्ने जोखिम उठाउने बाटो दिए। आफूले करुणालाई के गर्न चाहेको हो, त्यसबारे श्रीलङ्काली सरकार अझै पनि पूर्णरूपमा स्पष्ट छैन। तर साथसाथै यो सरकार उक्त विकल्प गुमाउन पनि चाहँदैन।

***प्रश्न*** : *आमनिर्वाचनमा युद्धविरामको कस्तो प्रभाव पर्‍यो?*

**उत्तर** : यो एउटा चाखलाग्दो प्रश्न हो, किनभने म आफैँ पनि अनुगमनकारी

सङ्गठनको सह-संयोजक थिएँ। निर्वाचनको क्रममा जाफ्नामा दुर्व्यवहार भयो भन्ने व्यापक चर्चा भएकोले हामीले निर्वाचन आयुक्तलाई निर्वाचन रद्द गर्न आग्रह गर्‍यौं। मुलुकको कानुनअनुसार आमनिर्वाचन देशव्यापी रूपमा एकसाथ सम्पन्न गरिनुपर्दछ। निश्चय नै लिवरेशन टाइगर अफ तमिल इलमद्वारा उत्तरी प्रान्तमाथि साँच्ची नै नियन्त्रण कायम गरेको बेलामा पनि हामीले निर्वाचन सम्पन्न गरेकै हौं। उक्त क्षेत्रहरूबाट पनि १००, २००, १००० मत आदिको आधारमा मानिसहरूलाई संसद्को लागि निर्वाचित गरायौं र उक्त प्रथालाई हामीले कायम राख्यौं। यसपटक भने लिवरेशन टाइगर अफ तमिल इलम निर्वाचनमा संलग्न हुन ज्यादै नै इच्छुक भएको हामीले पायौं। ऊ निर्वाचनलाई "हेर, तिमीहरूको एकरत्ति लोकप्रिय सम्बन्ध छैन। अघिल्लोपटक तिमीहरूले जुन प्रकारको जनादेशको दाबी गरेका थियौ, त्यो दाबी तिमीहरूका लागि सन् १९७७ मा पनि शोभनीय थिएन।" भनेर आफ्नो आलोचना गर्ने आलोचकहरूलाई जवाफ दिने उपायका रूपमा हेरिरहेको थियो। त्यसकारण उसले अन्तरिम स्वशासन निकाय (Interim Self Governing Authority) का लागि जनादेश प्राप्त गर्न गहिरो अभिरूचि राखेको थियो। कहिल्यै पनि सत्ता हातमा नलिएका र साथै सत्ता हातमा लिएका र पुन: राजनीतिक मूलधारमा प्रवेश गरेका चारवटा दलहरू मिलेर तमिल राष्ट्रिय गठबन्धनको निर्माण भएको छ। यो गठबन्धन समूहको भनाइअनुसार लिवरेशन तमिल टाइगर इलम नै उत्तर तथा पूर्वमा सम्झौता वार्ता गर्ने प्रयोजनका निम्ति तमिल जनताको एकमात्र प्रतिनिधि हो। यो समूह अन्तरिम स्वशासन निकायलाई समर्थन गर्छ, र वास्तवमा यो सम्झौता वार्ताका सन्दर्भमा लिवरेशन तमिल टाइगर इलमकै अधीनस्थ रहेको छ। यसबाट केही व्यावहारिक समस्याहरू पैदा भएका छन् :

पहिलो, उत्तर तथा पूर्वका लागि जुन निर्वाचन क्षेत्रको निर्धारण गरियो, त्यो १९८१ को जनगणनामा आधारित थियो। लिवरेशन टाइगर अफ तमिल इलम लगायत सबै तमिल दलहरूले उत्तर र पूर्वमा जनगणना हुनदिन इन्कार गरे। त्यसो गर्नाको एउटा प्रमुख कारण के हो भने ती क्षेत्रहरूमा आठ लाख मानिसहरू छन्, जसले आन्तरिक रूपमा विस्थापित नागरिक वा शरणार्थीका रूपमा उनीहरूका लागि लडाइँ लडेका छन्। उत्तरमा, खास गरेर जाफ्नामा

मतदाताहरूको वास्तविक सङ्ख्या दुई लाख ५० हजार हुन आउँछ, जबकि १९८१ को जनगणनाअनुसार छ लाख मतपत्र उत्तरमा पठाइनुपर्थ्यो। जनगणनालाई सीमास्थिरीकरणका सन्दर्भमा हेरिने हो भने सम्भवत: श्रीलङ्काली संसद्मा उत्तरको सिट सङ्ख्या घटाउनु पर्नेछ। त्यसकारण तमिल राजनीतिक दलहरूको जनगणना गर्ने चाहना छैन। उता निर्वाचन आयुक्तचाहिँ त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको वास्तविक सङ्ख्याभन्दा बढी अर्थात् तीन लाख मतपत्र पठाउन कानुनद्वारा प्रतिबद्ध छ। यस प्रकार धाँधलीको स्तर एकदमै ठूलो हुन जान्छ।

**प्रश्न** : *के लिवरेशन टाइगर अफ तमिल इलम आफैँले जनगणना गराएको छैन ?*

**उत्तर** : गराएको त छ, तर श्रीलङ्काली संसद्मा सीमास्थिरीकरणको नतिजा आफ्ना लागि अनुकूल नहोला भन्ने लागेर ऊ उक्त जनगणना साझेदारी गर्न चाहँदैन।

**प्रश्न** : *१९८१ को जनगणनाको आधारमा यी आँकडाहरूमध्ये कति प्रतिशत उत्तर/पूर्वभित्र र त्यसभन्दा बाहिर पर्लान् ?*

**उत्तर** : अचुक आँकडा दिन गाह्रो छ। तर हामी आठ लाख आन्तरिक रूपमा विस्थापित नागरिक र १९८३ देखियता शरणार्थीका रूपमा युरोप र अन्यत्र गएका अरू दस लाख होलान् भनी कुरा गर्छौं। म विशेष जोड नदिइकन त्यस्तै ४०-५० प्रतिशत होलान् भन्छु।

दोस्रो कुरा, लिवरेशन टाइगर अफ तमिल इलमले निर्वाचनमा भाग लिन चाख राखेर निर्वाचनमा तमिल राष्ट्रिय गठबन्धनका मानिसहरू उम्मेदवार बनाउने निर्णय गरेको छ। के लिवरेशन टाइगर अफ तमिल इलमको नियन्त्रणमा रहेका क्षेत्रहरूमा साँच्ची नै निर्वाचन सञ्चालन गराउन सकिन्छ? के साँच्ची नै मतदान गर्ने बुथ खडा गर्न सकिन्छ? आदि जस्ता विषयहरूमा ठूलो विवाद छ। निर्वाचन सम्बन्धी कानुनअनुसार श्रीलङ्काली सशस्त्र प्रहरी बलका दुईजना सदस्यद्वारा प्रत्येक बुथमा पहरा दिइनुपर्दछ। यसो गर्नाले एक पक्षद्वारा उक्त क्षेत्रमा हतियार लैजान पाउने कुरा बुझिन आउँछ, जुन कुरा युद्धविराम सम्झौताको ठाडो उल्लङ्घन हो। त्यसकारण लामो छलफलपछि लिवरेशन

टाइगर अफ तमिल इलमको नियन्त्रणमा रहेको क्षेत्र र सरकारको नियन्त्रणमा रहेको क्षेत्रको बीचमा दसगजा नामक जमिनको सोतो रहने कुराको निर्णय गरियो। निर्वाचनस्थलहरू सरकारद्वारा नियन्त्रित क्षेत्र र लिवरेशन टाइगर अफ तमिल इलमद्वारा नियन्त्रित क्षेत्रको निकटतम् विन्दुमा राखिने कुरामा निर्वाचन आयुक्त सहमत भए। त्यसपछि गरिब मतदाताहरूले कसरी त्यहाँ पुग्ने भन्ने प्रश्न उठ्यो। यस विषयमा पुन: विवाद भयो। कतिपय मानिसले अन्तर्राष्ट्रिय समुदायले आवागमन आदिको प्रबन्ध मिलाउने कार्यमा मद्दत दिनुपर्छ भने। अरू मानिसहरूले चाहिँ यस कार्यमा अन्तर्राष्ट्रिय समुदाय पटक्कै संलग्न हुनुहुँदैन भनेर भने। तिनले यसो भन्नाको पहिलो कारण के थियो भने लिवरेशन टाइगर अफ तमिल इलमले मानिसहरूलाई वाहनहरूमा चढाएर ल्याउनेछ अथवा खास तरिकाबाट तिनलाई आवत-जावत गर्न लगाउनेछ। यो थाहा भएकै कुरा हो। दोस्रो कारण, अन्य राजनीतिक दलहरूलाई लिवरेशन टाइगर अफ तमिल इलमद्वारा नियन्त्रित क्षेत्रसम्म पहुँच हुनेछैन। तिनीहरू निर्वाचन अभियान चलाउन पनि त्यहाँ जान सक्दैनन्। जे होस्, यो विवाद त्यत्तिकै थन्किएको हुनाले लिवरेशन टाइगर अफ तमिल इलमले आवागमनका लागि आफ्नै व्यवस्था मिलायो। उसले सकेसम्म धेरै मानिस ल्यायो। अरू मानिसहरूचाहिँ हिँडेर बुथमा गए। तीमध्ये धेरैजसोले पैदलै घर फर्किनुपर्‍यो। यसरी लिवरेशन टाइगर अफ तमिल इलमले चिताएको पूरा भयो। यस प्रकार मतपत्रमा भकाभक छाप ठोकेर बाकसमा खसाइ खोटपूर्ण निर्वाचन सम्पन्न भयो। यसको अर्थ सबैभन्दा ठूलो एकल दलका रूपमा तमिल राष्ट्रिय गठबन्धनको उदय हुन सक्दैनथ्यो भन्ने होइन। तर भनाइको तात्पर्य के हो भने त्यसले २२ सिट ल्याउन भने सक्दैनथ्यो। हाम्रो निर्वाचन प्रणाली कस्तो छ भने कुनै दलविशेषलाई मतदान गर्नका लागि उक्त दलको सूचीमा परेको आफूलाई मनपर्ने व्यक्तिको नाममा रेजा लगाइन्छ। यसर्थ लिवरेशन टाइगर अफ तमिल इलममुखी व्यक्तिहरूका लागि यसपटक रोज्नका लागि जति उम्मेदवार पाए, यति पहिले कहिल्यै पनि पाएका थिएनन्। परिणामस्वरूप अहिले संसद्मा तमिल राष्ट्रिय गठबन्धनका २२ जना सांसद छन्, जो लिवरेशन टाइगर अफ तमिल इलमका वारिसे हुन्। यस प्रकार चाखलाग्दो कुरा के हो भने लिवरेशन टाइगर अफ तमिल इलमले श्रीलङ्काली संसद्मा उपयोगिता देखेको छ।

**प्रश्न** : *लिवरेशन टाइगर अफ तमिल इलममा पुरुष-महिलाको अनुपात कस्तो छ?*

**उत्तर** : मलाई थाहा छैन। तर म तपाईंलाई के बताउन सक्छु भने त्यहाँ थुप्रै महिला कार्यकर्ताहरू र लिवरेशन टाइगर अफ तमिल इलमका सम्भ्रान्त महिला रेजिमेन्टहरू छन्, जसका कार्यशैलीहरू एकदमै विशिष्ट खालका छन्। त्यहाँ महिला डफ्फाहरू छन्। त्यहाँ शान्तिवार्ता कालमा गठन गरिएको एउटा लैङ्गिक उपसमिति पनि थियो। तर महिलाहरू महत्त्वपूर्ण कार्यकारी निर्णय गर्ने तहमा भने छैनन्।

**प्रश्न** : *श्रीलङ्काली शान्ति प्रक्रियामा सञ्चारमाध्यमको भूमिका कस्तो छ?*

**उत्तर** : श्रीलङ्काली सञ्चारमाध्यमको भूमिका नेपाली सञ्चारमाध्यमको भन्दा फरक नहोला भन्ने मेरो आशङ्का छ। श्रीलङ्काली सञ्चारमाध्यम धेरै दृष्टिबाट समस्याको एक अभिन्न अङ्ग हो। अङ्ग्रेजी, सिंहला र तमिल गरी हामीकहाँ तीन भाषाका सञ्चारमाध्यमहरू छन्। हामीकहाँ राज्य नियन्त्रित तथा निजी सञ्चारमाध्यम पनि छन्। व्यवहारमा के देखिन्छ भने हामीकहाँ जातीय द्वन्द्वसँग सम्बन्ध नभएका पक्षधरतामुखी दलीय तनाव आदि पनि छन्। त्यसमाथि जातीय धारमा विभाजित सञ्चारमाध्यमहरू पनि छन्। अर्को कुरा, सेन्सरसिपका अवस्थाहरू पनि छन्, तर अरू त्यस्ता अवस्थाहरू पनि छन्, जहाँ आत्म-सेन्सरसिप थोपरिन्छ। टेलिभिजन हुनाको कारणले गर्दा सरदर श्रीलङ्कालीले बोस्निया, सोमालिया, सुडान वा विश्वको जुनसुकै भागमा पनि युद्धले के गर्‍यो भन्ने कुरा तस्वीर सहितका प्रमाणसाथ देखेका छन्। तर जाफ्नामा साँच्ची नै के भएको छ भन्ने कुराचाहिँ देखेका छैनन्। यो मौन षड्यन्त्र हो, जसमा सञ्चारमाध्यमले पनि भूमिका निर्वाह गरेको छ। सञ्चारमाध्यमले उत्तेजनाको सिर्जना गरी भड्काउकारी भूमिका पनि खेल्छ। उदाहरणका लागि, एकपटक एउटा जुलुसमा एउटा हात्तीले एकजना मानिसलाई मार्‍यो। भोलिपल्ट एउटा प्रमुख दैनिक समाचारपत्रले 'हात्तीले तमिललाई मार्‍यो' भन्ने हेडलाइन छाप्यो। सो कुराले उक्त जाति-समूहलाई भड्काइदियो।

**प्रश्न** : *तपाईंको देशको शान्ति प्रक्रियामा धार्मिक नेताहरूको भूमिका कस्तो छ?*

**उत्तर** : श्रीलङ्कामा यो एउटा थेगोमात्र हो भनिन्छ। तर सबै थेगाहरूमा सत्यको तत्त्व निहित हुन्छ। हामीकहाँ अल्पसङ्ख्यक समुदाय द्वन्द्वरत रहेको बहुसङ्ख्यक

समुदाय छ। बुद्धमार्गी सिंहला श्रीलङ्काली टापुमा आफूले घर भन्न सक्ने भूमि २५ हजार वर्ग माइलमात्र छ भनेर विलाप गर्छन्। बौद्ध भिक्षुहरू राजनीतिमा प्रवेश गर्न थालेका छन्। मुसलमानहरू विश्वभरि नै भएका हुनाले श्रीलङ्काली मुसलमानहरू अन्यत्र कहीँ पनि जान सक्छन्। श्रीलङ्कामा सिंहालीहरूको बहुसङ्ख्या छ। तर तपाईँ उत्तर वा पूर्वमा जानुभयो भने त्यहाँ तपाईँ उनीहरूको अल्पसङ्ख्या पाउनुहुने छ। यसर्थ पहिचान वा पहिचानसँग गाँसिएका विषयमा एउटा गहिरो मनोवैज्ञानिक समस्या छ। दक्षिणको ठीक उल्टो उत्तर र पूर्वी श्रीलङ्कामा तमिलहरू सिंहालीहरूको दाँजोमा आफूलाई बहुसङ्ख्यक भनी दाबी गर्छन्। तर श्रीलङ्काको २५ हजार वर्ग माइलभित्र भने उनीहरू अल्पसङ्ख्यक हुन्। यसका साथसाथै तमिलहरूको बीचमा रोमन क्याथोलिक चर्च ज्यादै प्रभावशाली छ। त्यसो हुनाको प्रमुख कारण के हो भने तमिलहरूको विशाल बहुसङ्ख्या हिन्दू भए तापनि हिन्दू धर्मलाई त्यसरी मान्यता दिइएको छैन। यसलाई श्रेणीगत मान्यतामा समावेश गरिएको छैन। श्रीलङ्कामा धेरै लामो समयदेखि क्याथोलिक चर्च रहिआएको छ। यो चर्च कराया समुदायसँग सम्बद्ध छ। लिवरेशन टाइगर अफ तमिल इलमको नेतृत्व यही समुद्री तटमा बसोबास गर्ने समुदायबाट आएको हो। यिनीहरू सदैव सर्वसाधारण मानिससँग रहेका छन् र तिनका लागि धेरै काम गरेका छन्। यिनको संगठन छ र अन्तर्राष्ट्रिय सम्बन्ध-सूत्रहरू पनि छन्। त्यसकारण यी मानिसहरूलाई लिवरेशन टाइगर अफ तमिल इलममुखीका रूपमा हेर्ने गरिन्छ। अन्तर-धार्मिक संवादको कुरा गर्ने हो भने केही संगठनहरू परिदृश्यमा आइरहेका छन्। यीमध्ये सबैभन्दा महत्त्वपूर्ण संगठनलाई "धर्मको महासम्मेलन" भनिन्छ। उक्त महासम्मेलनमा विभिन्न धार्मिक आस्थाका महत्त्वपूर्ण सदस्यहरू शान्तिको शक्ति बन्ने चेष्टा गर्दै एकसाथ जुट्छन् र तिनले भिन्नताभन्दा समानतामाथि जोड दिँदै एकसाथ कार्यकलापहरू गर्छन्। यस प्रकार नयाँ डबलीको ढोका त खुलेको छ, तर ७५ प्रतिशत मानिसहरू बुद्धमार्गी भएकाले बुद्धमार्गी पुजारीहरूलाई यो महासम्मेलनमा क्रियाशीलतासाथ संलग्न गराउने कार्य भने अझै चुनौतीको रूपमा रहेको छ। तैपनि यस दिशामा केही न केही प्रगति भने भइनै रहेको छ। कतिपय बुद्धमार्गी पुजारीहरू उत्तरको यात्रामा जाँदैछन् र उनीहरू उत्तरका प्रतिनिधिहरूलाई आफ्ना क्षेत्रहरूमा ल्याउँदै पनि छन्। यो युद्धविरामको एउटा महत्त्वपूर्ण बुँदा

के हो भने २० वर्षको लामो समयपछि जनतादेखि जनतासम्मको चहलपहल सुरु भएको छ ।

**प्रश्न** : *के तपाईंहरू बुद्धमार्गीहरूलाई दबाब दिन खोजिरहनुभएको छ ?*

**उत्तर** : जनस्तरमा तमिल र मुसलमान समुदायहरूका बीचमा पैदा हुने तनावलाई समन गर्ने कार्यमा नागरिक समाजको साथसाथै राजनीतिक तहमा मध्यस्थता गर्ने कार्यमा प्रेरणादायी प्रभाव पार्नका निम्ति उनीहरूमाथि दबाब दिने प्रयास भइरहेको छ । तर मैले चर्चा गर्नैपर्ने अर्को आयाम पनि छ । त्यो के हो भने कट्टरपन्थी सिंहला समुदायमा युद्धविराम लिवरेशन टाइगर अफ तमिल इलमलाई काखी च्याप्ने प्रक्रिया हो र यो साँच्ची नै श्रीलङ्काका बुद्धमार्गी सिंहला समुदायको शक्ति र महत्त्वलाई घटाउने उपाय हो भन्ने खालको कठोर विश्वास छ । यसर्थ बुद्धमार्गी सिंहला राजनीतिक अनुसन्धानकर्मीहरूको एउटा आन्दोलन चलिआएको छ । यी आन्दोलनकारीहरू यस प्रक्रियालाई अनैतिक सम्मिलनको बिल्ला भिराइदिन्छन् । नतिजास्वरूप यो एउटा अतिरञ्जित र अत्यन्तै यथार्थवादी सोचाइ बन्न पुगेको छ । यदि सम्मिलनको खतरा विद्यमान छ भने त्यो खतरा बुद्धमार्गी समुदायमाथिको प्रभावमा भन्दा पनि इसाई समुदायभित्रै छ । यसको अभिव्यक्तिका रूपमा दुई वर्षयता इसाई पूजास्थलहरूमा साँच्ची नै आक्रमणहरू भएका छन् । यसका पछिल्तिर तर्क के छ भने हाम्रो द्वन्द्वको अन्तर्राष्ट्रियकरण, लिवरेशन टाइगर अफ तमिल इलमलाई काखी च्याप्ने कार्य आदि श्रीलङ्कालाई विभाजित गर्ने अन्तर्राष्ट्रिय इसाई योजनाकै एक अङ्ग हो । यो तर्क अघि बढेर अहिले अनैतिक सम्मिलनविरुद्ध कानुन बनाइनुपर्ने मागमा पुगेको छ । "पोपभन्दा पनि बढी क्याथोलिक" बन्न खोजिरहेको श्रीलङ्काली सरकारले यसबीच आफ्नै कानुन निर्माण गरेको छ । उक्त कानुनले अनैतिक सम्मिलनलाई सम्हाल्ने काम नगरी सम्मिलनलाई नै बढावा दिने काम गरेको छ । त्यसकारण यहाँनेर सिंहला बहुसंख्यक समुदाय भएकाले उसको त्यो बहुसङ्ख्यामूलक पहिचान कायम हुनेगरी शक्तिको बाँडफाँडमा उसको पहुँच रहोस् भन्ने कुरामा खतरा पैदा भएको छ । यसर्थ हाम्रा लागि सजिलो स्थिति पैदा हुने अवस्था छैन । नयाँ श्रीलङ्कातर्फ बढ्ने क्रममा निकै नै ठूलो खिचातानी हुने सम्भावना छ । हाम्रो आशा के हो भने मार्ने-मराउने कामचाहिँ नभइदिए हुन्थ्यो ।

**प्रश्न** : *के स्थानीय स्तरका नागरिक समाज वा विशिष्ट व्यक्तिहरूको समूहबाट द्वन्द्वरत पक्षहरूमाथि दबाब पैदा गर्ने वा प्रभाव पार्ने काम भएको छ ?*

**उत्तर** : यसको छोटो उत्तर हो– छैन । हामीले श्रीलङ्कामा झेलिरहेको समस्या के हो भने यी द्वन्द्वहरूको प्रकृति यस्तो छ, जसमा समस्त समाज मुछिएको छ । अनि नागरिक समाजका हकमा प्रमुख समस्या के हो भने नागरिक समाजले राजनीतिक दलहरूका कार्यदिशा अनुरूप अडान लिने गरेका छन् । त्यसकारण यिनीहरूले राजनीतिक दलहरूबाट नेतृत्व प्राप्त गर्ने र आफूलाई राजनीतिक दलहरूसँग आबद्ध गराउने हुनाले "हेर्नुस्, तपाईं कुन राजनीतिक दलको हुनुहुन्छ भन्ने कुरामा हामीलाई वास्ता छैन, जनताको एजेन्डाचाहिँ यस्तो हुनुपर्छ, यो नागरिक समाजको एजेन्डा हो र हामी तपाईंहरू दुवै पक्षको आलोचना गर्न तत्पर छौँ" भनेर साँच्ची नै भन्न सक्ने कोही छ भने त्यस्ता मानिसहरूको सङ्ख्या ज्यादै थोरै छ । यसो भन्ने कोही भएमा उसले निकै नै आदरभाव र विश्वसनीयता आर्जन गर्न सक्नेछ । तपाईंले पेशेवर संगठनहरूदेखि लिएर व्यापारिक समुदायहरूबाट बनेको नागरिक समाजमा दृष्टि लगाउनुभयो भने यीमध्ये हरेकको राजनीतिक दलहरूसँग साँठगाँठ भएको देखिनेछ । राजनीतिक संरक्षकत्वको स्तर तथा श्रीलङ्काका हाम्रा सबै संस्थाहरूमा त्यस्तो संरक्षकत्वको प्रवेश नै हामीले सामना गर्नुपरेको प्रमुख चुनौती हो ।

प्रश्न : *मानौं कि शान्तिको लागि नागरिक समाज एकताबद्ध भयो र त्यसले कखग कसैलाई सहजकर्ता बनाउने निर्णय गर्‍यो । के यसबाट श्रीलङ्कालाई सघाउ पुग्ला ?*

**उत्तर** : मलाई के लाग्छ भने संगठित तथा एकताबद्ध नागरिक समाजको विकल्प छँदैछैन । राजनीतिक संगठनले यस कुराप्रति संवेदनशील हुनैपर्छ । आखिरमा द्वन्द्वलाई उल्ट्याउन नसकिने कुरा महसुस गर्नुबाहेक तिनका लागि अर्को उपाय हुनेछैन ।

**प्रश्न** : *अनि लिवरेशन टाइगर अफ तमिल इलम र नागरिक समाजको सम्बन्ध नि ?*

**उत्तर** : मलाई के लाग्छ भने दक्षिण एसियाको नागरिक समाज राजनीतिक शक्तिहरूप्रति बढी नै पक्षपाती छ भन्ने लिवरेशन टाइगर अफ तमिल इलमको धारणा छ । लिवरेशन टाइगर अफ तमिल इलम आफ्नो संगठनको प्रकृतिको कारणले गर्दा नै नागरिक समाजका संगठनहरूलाई सन्देहको दृष्टिले हेर्छ । वास्तवमा म त

के भन्छु भने लिवरेशन टाइगर अफ तमिल इलमको मान्यताअनुसार नागरिक समाज भन्ने चिज नै हुँदैन। यो एकदमै सर्वसत्तावादी संगठन हो। उता नागरिक समाज दक्षिणको राजनीतिमा ज्यादै नै उल्झिएको हुनाले लिवरेशन टाइगर अफ तमिल इलम तथा उत्तरी क्षेत्रसँग सम्बन्ध-सूत्र कायम गर्ने कुरामा यो पछि परेको छ।

**प्रश्न** : *सर्वाङ्गीण विकास अध्ययन केन्द्रका कार्यकारी निर्देशक डा. द्वारिकानाथ ढुङ्गेलले कार्यक्रममा आफ्ना विचारहरू प्रस्तुत गर्दै निम्न जिज्ञासा राख्नुभयो :*

*द्वन्द्व दक्षिण एसियाको एउटा अङ्ग भइसकेको छ। काश्मीर, भारतको पूर्वी भाग, आन्ध्रप्रदेश, विहार, झारखन्ड, श्रीलङ्का, माल्दिभ्स आदि यसका उदाहरण हुन्। हामी पनि द्वन्द्वको एक अङ्ग हौँ। श्रीलङ्कामा दुई देश ( श्रीलङ्का र नेपाल) का शान्तिपक्षीय कार्यकर्ताहरूबीच सम्पर्क भएको र केही दातृसंस्थाले हामीलाई श्रीलङ्कामा लैजाने र श्रीलङ्काली मित्रहरूले यहाँ आएर हामीलाई प्रवचन दिने गर्नुभएकोले श्रीलङ्काबारे हामी धेरै कुरा सुन्दै आएका छौँ। कम्तीमा पनि यो कुरा भन्न सक्ने अवस्थामा छु। काश्मीर आदिबारे मैले टेलिभिजनमा जेजति कुरा देख्न पाएको छु, त्यसलाई छाडेर मलाई उत्तरी भारतको द्वन्द्वको स्थितिबारे भन्दा श्रीलङ्काको द्वन्द्वको स्थितिबारे बढी कुरा थाहा छ। यहाँले भर्खरै झन्डै डेढ घन्टा आदान-प्रदान गर्नुभएका अनुभवका आधारमा मलाई के लाग्यो भने लिवरेशन टाइगर अफ तमिल इलम र श्रीलङ्का सरकारले भूखण्डमाथि एकअर्काको वास्तविक नियन्त्रणलाई स्वीकार गर्ने निधो गरेका छन्, सैनिक सन्तुलन नै युद्धविराम कायम राख्ने प्रमुख कारक बनेको छ र युद्धविराम भङ्ग गर्न दुवै पक्ष तयार छैनन्। जुन जलमार्गहरू भएर लिवरेशन टाइगर अफ तमिल इलमकहाँ हतियार आउँछन्, ती मार्गहरू खुला राखिएका छन्। अनि नर्वेलीहरू सकभर कोसिस गरिरहेका छन्। तर पनि तथ्य के हो भने दुवै शक्तिले एकअर्काको अगल-बगलमा रहन स्वीकार गरेका छन्। मुख्य कारक यही नै हो भन्ने लाग्छ। श्रीलङ्का र नेपालको स्थितिलाई दाँज्ने हो भने श्रीलङ्काको द्वन्द्व उत्तर र पूर्वमा सीमित छ र यो बढी मात्रामा जातीय मुद्दा हो। नेपालमा भने द्वन्द्व कुनै खास क्षेत्रमा सीमित छैन र यो आधारभूत रूपमा जातीय मुद्दा पनि होइन। तर यसभित्र जातीय मुद्दा मुछिएको भने अवश्य छ। यहाँको समस्या संस्थापन पक्षको तख्ता*

*पल्टाइदिने र बन्दुकको मोहरीको सहाराले अर्को सत्ताको स्थापना गर्ने हो। मेरो विचारमा यो नै यी दुई देशबीचको भिन्नता हो।*

*यति कुरा भनेपछि हामी तपाईंका कुरा सुन्न र तपाईंका अनुभवबाट सिक्न सक्छौँ। तर हाम्रा स्थितिहरू पूर्णरूपले फरक भएका हुनाले सायद हामीले हाम्रो समस्यालाई ठम्याउने आफ्नै शान्तिपूर्ण तरिकाको तर्जुमा गर्नुपर्ला। उदाहरणका लागि, माओवादीहरू काठमाडौँ उपत्यका बाहिर छन्। उनीहरू पूर्व, पश्चिम, उत्तर र दक्षिणमा छन्। उनीहरू कुनै एक क्षेत्रमा सीमित छैनन्। मैले कसैको मूल्याङ्कन गर्न खोजेको होइन, तर पनि मलाई के लाग्छ भने सुरक्षाबलले भूमिका नखेलेको भए निकै पहिले नै काठमाडौँ घेरामा परिसक्थ्यो होला। स्थिति यहाँसम्म खराब छ। यस सन्दर्भमा यस अनुभवबाट हामी कति लाभान्वित हुन सक्छौँ, मलाई थाहा छैन। मेरो भन्नु जम्मा यत्ति हो।*

**उत्तर** : तपाईंको आशय मैले बुझेँ। मलाई के लाग्छ भने अन्ततः हाम्रा सबै द्वन्द्वहरू आ-आफ्नै प्रकारले फरक छन्। त्यसकारण ती द्वन्द्वमा संलग्न हुने जनता आफैँले तिनलाई हल गर्ने उपायको खोजी गर्नुपर्छ। म एउटा के कुरामा जोड दिन चाहन्छु भने हामी हाम्रा दुवै मामिलाहरूको निकास खोजिरहेका छौँ, हामी संरचनाका सन्दर्भमा निकास खोजिरहेका छौँ। श्रीलङ्का र नेपालको स्थितिका सन्दर्भमा हामी द्वन्द्वको सामाजिक परिधिबारे कुरा गरिरहेका छौँ, हामी संवैधानिक सुधारबारे कुरा गरिरहेका छौँ। वास्तवमा राजनीतिक दलहरूको भूमिका, तिनका बीच विद्यमान एकता, विद्यमान संवैधानिक यथास्थितिलाई कायम राख्ने निहित स्वार्थ भएका अन्य शक्तिहरू, यो कार्य गर्ने कानुनसम्मत प्रक्रिया र यो कार्य गर्ने वैध विधिसम्बन्धी प्रश्नहरूको हकमा दुवै देशले सामना गर्नुपर्ने समस्याहरू समान छन्। एक अर्थमा मलाई के लाग्छ भने हाम्रा देशमा बसोबास गर्ने सबै जनताका आकाङ्क्षाहरूलाई समाहित गर्ने न्यायपूर्ण तथा लोकतान्त्रिक राजनीतिक संरचनाको ढाँचा निर्माण गर्नका निम्ति सक्षम बन्ने प्रयास दक्षिण एसियाका देशहरूको खास प्रकारको साझा स्थिति हो। यस सन्दर्भमा समानताहरू विद्यमान छन्। काठमाडौँका मानिसहरूसँग कुराकानी गरी सँगालेको सूचनाबाट राजनीतिक दलहरू र नागरिक समाजका सन्दर्भमा यहाँ प्रमुख चुनौती रहेको मैले छनक पाएको छु। अनि श्रीलङ्कासामु

अन्तिम परिणति रसमाधानका सन्दर्भमा सम्बन्धित पक्षहरू कति सान्दर्भिक र रचनात्मक हुन सक्लान् भन्ने समान प्रकारको चुनौती रहेको छ। सैनिक सन्दर्भ र भौगोलिक/प्रादेशिकअवस्थिति तथा द्वन्द्वका हकमा भने ठूलठूला भिन्नता रहेका छन्। तर जहाँसम्म समाजलाई यथास्थितिमा पूर्ण परिवर्तन ल्याउने दिशातर्फ अघि बढाउने कुरा छ, यसमा हाम्रो मनसाय र उद्देश्य समान छ।

**प्रश्न** : *तेस्रो पक्षको मध्यस्थतासम्बन्धी सकारात्मक र नकारात्मक पक्षहरू के-के हुन् जस्तो लाग्छ?*

**उत्तर** : तेस्रो पक्षको मध्यस्थता नभएको भए श्रीलङ्काका द्वन्द्वरत पक्षहरू संवादको टेबुलमा आउँदैनथे होलान्। यस्तो मध्यस्थता एकदमै आवश्यक थियो। जब मध्यस्थ वा सहजकर्ताको उपस्थिति हुन्छ, ऊ स्वयं प्रक्रियाको एक अङ्ग बन्न पुग्छ। नेर्वेलीहरूलाई संयुक्त राज्य अमेरिकाले पनि सहयोग गरिरहेको छ र ऊ भारतीयहरूको निकट रहेर काम गरिरहेको छ। श्रीलङ्का सरकार अन्तर्राष्ट्रिय सुरक्षा सञ्जालको एक अङ्ग भएकोले अमेरिकाले त्यहाँको सेनालाई प्रशिक्षणसम्बन्धी अभ्यास गराइआएको छ, जुन अभ्यासलाई अ-घातक सैन्य सहायता भन्ने गरिन्छ।

तेस्रो पक्षको मध्यस्थताबाट हुने बेफाइदा के हो भने उसले रैथाने मानिसहरूको मनोभावनालाई नबुझ्न सक्छ र उसलाई स्थितिको गहन ज्ञान र सुझबुझ नहुन सक्छ। अनि तेस्रो पक्ष एकभन्दा बढी भएमा भान्सेहरू अचाक्ली धेरै हुँदा सुर्मा नाश भएको कथा दोहोरिन सक्छ।

छलफलको अन्त्यमा शान्तिका लागि सहकार्यका निर्देशक डा. विष्णुराज उप्रेतीले डा. सारावानामुत्तुलाई उहाँले समय दिएर अनुभव आदान-प्रदान गर्नुभएकोमा धन्यवाद दिनुभयो। श्री उप्रेतीले सहभागिताबापत अन्य अतिथिहरूलाई पनि धन्यवाद दिनुभयो।

# ३. निष्कर्ष

उपरोक्त छलफलका आधारमा श्रीलङ्का र नेपालको द्वन्द्वको स्थितिमा रहेको एक प्रमुख भिन्नता के हो भने श्रीलङ्काको हकमा लिवरेशन टाइगर अफ तमिल इलम उत्तर र पूर्वका तमिल जातिको वर्चस्व रहेका क्षेत्रहरूमा सीमित छ। तर नेपालको हकमा भने माओवादीहरू देशैभरि फैलिएका छन्। यो भिन्नताबाट अन्य भिन्नताहरू पैदा भएका छन् :

- श्रीलङ्का अझै पनि तमिलको वर्चस्व रहेका क्षेत्रहरूमा निर्वाचन सञ्चालन गर्न सक्ने अवस्थामा छ, यद्यपि उक्त निर्वाचन १०० देखि १००० मतमा आधारित छ। यस सन्दर्भमा नेपालमा धेरैवटा सरकार फेरिए, तर कुनै सरकारले पनि निर्वाचन सम्पन्न गर्न सकेनन्।
- लिवरेशन टाइगर अफ तमिल इलमद्वारा नियन्त्रित तथा श्रीलङ्का सरकारद्वारा नियन्त्रित क्षेत्रहरू बीचको सीमा विभाजनको कारण तथा लिवरेशन टाइगर अफ तमिल इलमको कारण श्रीलङ्कामा विभाजनको खतरा निरन्तर कायम छ। माओवादीहरू सुदूर पश्चिम क्षेत्रमा केन्द्रित भए तापनि र पहाडी भेगमा माओवादीद्वारा नियन्त्रित खास-खास क्षेत्रहरू भए तापनि तिनले लिवरेशन टाइगर अफ तमिल इलमले झैं देशको कुनै खास भेगमाथि नियन्त्रण कायम गरेका छैनन्।

यो यथार्थले इङ्गित गर्ने जातीय-राजनीतिक मुद्दासम्बन्धी अर्को प्रमुख भिन्नता के हो भने अल्पसङ्ख्यक तमिलहरू बहुसङ्ख्यक सिंहालीसरह समान अधिकार, समान हैसियत र मर्यादाको माग गर्दै यी कुराहरू प्राप्त गर्नका निम्ति देशलाई नै विभाजित गर्ने हदसम्म पुगेका छन् भने नेपालको द्वन्द्वचाहिँ गरिबहरू र किसानहरूको सामन्तवाद, पुँजीपतिहरू, निजीकरण, आधुनिकीकरण, भूमण्डलीकरण विरोधी तथाकथित वर्गसंघर्ष हो, जसको उद्देश्य साम्यवादको स्थापना गर्नु हो। यो सत्ताको लागि गरिएको संघर्ष पनि हो। अर्थात् यो संस्थापन पक्षको तख्ता पल्टाएर आफ्नै सरकारको स्थापना गर्ने संघर्ष पनि हो। लिवरेशन टाइगर अफ तमिल इलम र माओवादी दुवैको साध्यसम्म पुग्ने साझा माध्यम

बन्दुकको नाल' भए तापनि लिवरेशन टाइगर अफ तमिल इलमले 'संसद्मा उपयोगिता' देखेर निर्वाचनमा प्रवेश गरेको छ । कट्टर माओवादीहरू भने निर्वाचनलाई काम नलाग्ने पद्धतिका रूपमा हेर्छन् र उनीहरू निर्वाचन रोक्न मरिमेटेर लागिपरेका छन् । अर्को समानता के हो भने दुवै देशले युद्धविरामको अवधिको अनुभव गरेका छन्, तर साथसाथै द्वन्द्वका दुवै प्रतिपक्षीबाट युद्धविरामको उल्लङ्घन हुने थुप्रै घटना पनि घटाइएका छन् । तैपनि श्रीलङ्काका प्रतिपक्षीहरूबीच शान्तिवार्ताको प्रबन्ध मिलाउने कार्य तेस्रो पक्षबाट भएको हो । यस कुरामा नेपालीहरू एक कदम अगाडि छन्, कारण नेपालका दुई प्रतिपक्षी विदेशी मध्यस्थताविना नै संवादको टेबुलमा जुटेका हुन् । तर वार्ता असफल सिद्ध भएकाले विशेषत: माओवादी पक्षले राष्ट्रसंघको मध्यस्थतालाई स्वीकार गरेको छ । श्रीलङ्कालाई युद्धविरामको स्थितिमा पुग्न बीस वर्षजति लाग्यो, यद्यपि १९८९ र १९९४ मा अरू दुईवटा युद्धविरामा भएका थिए, जसले लिवरेशन टाइगर अफ तमिल इलमलाई मूलधारको राजनीतिमा आउन बाध्य तुल्याएका थिए । माओवादीहरूलाई आफूहरू ज्यादै अघि बढिसकियो र अब फर्किने ठाउँ नै छैन भन्ने लागेको भए लिवरेशन टाइगर अफ तमिल इलम त त्योभन्दा पनि अघि बढिसकेको थियो, तैपनि ऊ फर्किंदैछ । ऊ फर्किन सक्यो, त्यसैले यिनीहरू पनि फर्किन सक्छन् । अर्को पक्षको अस्तित्व नै नामेट पारिदिने प्रयासले हामीलाई कतै पुऱ्याउने छैन । बदला लिने प्रवृत्ति- आँखाको बदला आँखा, आँखाको बदला आँखा र फेरि पनि आँखाको बदला आँखा....भइरहनेछ । दुवै प्रतिपक्षीले गृहकार्य गरी एकअर्काको सहअस्तित्वका लागि ठाउँ बनाउनुपर्छ र राजनीति आफ्नै लागि, आफ्नो दल वा संगठनका लागि नभएर जनताका लागि हुनुपर्छ । हाम्रो पक्षको गृहकार्य न्यायपूर्ण, लोकतान्त्रिक तथा राष्ट्रवादी राजनीतिक प्रणालीका लागि हुनुपर्छ । त्यो उत्तरदायित्वपूर्ण, रचनात्मक र प्रतिबद्ध नागरिक समाजका लागि तथा प्रगतिशील अवसरहरूको सिर्जना गर्ने र समुदायको राष्ट्रिय भावनालाई समेट्ने खालको हुनुपर्छ । दुई प्रतिपक्षीलाई एकसाथ जुटाउने कार्यमा नागरिक समाजले अहम् भूमिका खेल्न सक्छ ।

## ४. सन्दर्भ सामग्रीहरू

1. Hattotuwa, S., 2002-2003: 'Overview of the Peace in Sri Lanka' www.cpalanka.org

2. Saravanamuttu, P.,2004: 'Civil Society Presentation' www.cpalanka.org

3. CPA & Bergh Foundation for Conflict Studies, 'Human Rights and the Peace Process' www.cpalanka.org

4. History and Geography of Sri Lanka, www.suzannessource.com/Sri Lanka/facts/history

5. De'Silva, KM., 'To Restore Peace of Sri Lanka's Fractured Polity' www.peaceinsrilanka.org

6. ww.peaceinsrilanka.org/insidepages/Parterns/SLMM/srilankanmonitoringmission.asp

7. www.friendsforpeace.org.np